# कैलाश राजपत्र

कैलाश गाउँपालिकाद्वारा प्रकाशित

खण्डः७) मकवानपुर, बैशाख ०४ गते, २०८३ साल (संख्याः४

## भाग - २

स्थानीय सरकार

कालिकाटार, मकवानपुर, बागमती प्रदेश, नेपाल

**नदिजन्य गिट्टी बालुवा प्रशोधन सम्बन्धी कार्यलाई व्यवस्थित गर्न बनेको कार्यविधि, २०८२**

कैलाश गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**प्रस्तावनाः**

कैलाश गाउँपालिका भित्रका नदि खोलाहरुबाट उत्खनन हुने गिट्टी बालुवाजन्य सामाग्रीको गुणस्तरीयता कायम गरी उत्खनन् कार्यलाई दिगो रुपमा व्यवस्थित गर्न र नदिनालाहरु तथा स्थानीय पर्यावरणको समेत दिगो संरक्षण गर्दै नदिजन्य सामाग्रीको अव्यवस्थित र अत्याधिक दोहन हुन नदिनका लागि नियन्त्रित रुपमा मात्र नदिखोलाबाट नदिजन्य पदार्थ (गिट्टी बालुवा) प्रशोधन गर्ने गरी अनुमति दिन कानून निर्माण गर्न वान्छनीय भएकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २(प) (७) मा उल्लेख भएको गिट्टी बालुवाको उत्खनन् तथा उपयोगको दर्ता, खारेजी, अनुमति, नविकरण र व्यवस्थापनको लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) को अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाले यो कार्यविधि बनाइएको छ।

**१. सक्षिप्त नाम र प्रारम्भ :-**

१. यस कार्याविधिको नाम "नदिजन्य गिट्टी बालुवा प्रशोधन सम्बन्धि कार्यलाई व्यवस्थित गर्न बनेको कार्यविधि २०८२", रहेको छ।

२. यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भए पछि लागू हुनेछ।

**२. परिभाषा :-** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा,

क) "गाउँपालिका" भन्नाले कैलाश गाउँपालिकालाई जनाउदछ।

ख) "नदिजन्य गिट्टी बालुवा" भन्नाले नदि वा खोलाले बगाएर ल्याएको नदि वा खोलाको वगरमा वा वन पाखामा वा किनारामा वा निजी जग्गामा रहेको गिट्टी बालुवालाई जनाउदछ। यस शब्दले वगरमा रहेका बालुवा मिसिएको मसिना प्रकृतिका ढुङ्गा वा गिट्टीलाई समेत जनाउने छ।

ग) "अनुमति पत्र" भन्नाले नदिजन्य गिट्टी, बालुवा प्रशोधनका लागि कैलाश गाउँपालिकाले यस कार्यविधि बमोजिम प्रदान गरेको अनुमति पत्र सम्झनु पर्छ।

घ) "प्रशोधन उद्योग" भन्नाले नदि वा खोलाजन्य माटो मिश्रित नदिजन्य पदार्थलाई मेशिनको माध्यमद्वारा पानीको प्रयोग गरी धुने र बालुवामा मिसिएको गिट्टी ढुङ्गा समेत छानी गिट्टी बालुवा तयार गर्ने उद्योगलाई सम्झनु पर्छ।

ङ) "जोखिम पूर्ण अवस्था भएको स्थान" भन्नाले नदि वा खोलाको दिशा परिवर्तन हुन सक्ने वा भौगोलिक रुपमा कमजोर भु-वनोट भएको स्थानलाई सम्झनु पर्छ। यस शब्दले खोला वा नदिका प्रशोधन स्थल नजिक घर वा गाउँ वा सडक भई गिट्टी बालुवा उत्खनन एंव प्रशोधन गर्दा त्यस्तो घर/गाउँ/सडकलाई प्रत्यक्ष असर पर्न जाने देखिएकोमा त्यस्तो स्थानलाई समेत बुझाउँदछ।

च) "गाउँपालिका अध्यक्ष" भन्नाले कैलाश गाउँपालिका अध्यक्षलाई सम्झनु पर्छ।

छ) "उपाध्यक्ष" भन्नाले कैलाश गाउँपालिका उपाध्यक्षलाई सम्झनु पर्छ।

ज) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले कैलाश गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

झ) "कार्यपालिका" भन्नाले कैलाश गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्छ।

**३. अनुमति पत्रका लागि निवेदन दिनु पर्ने :**

१. नदिजन्य गिट्टी बालुवा प्रशोधन गर्न चाहने व्यक्ति वा संस्थाले गिट्टी बालुवा प्रशोधन गर्न चाहेको स्थानको सम्बन्धित वड़ा कार्यालयको सिफारिस र सो स्थानको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन सहित अनुसूचि १ बमोजिमको फाराम भरी निवदेन दिनु पर्ने छ।

२. यसरी निवेदन पेश गर्दा आफुले प्रशोधन उद्योग संचालन गर्न चाहेको स्थान र वार्षिक अनुमानित प्रशोधित परिमाण समेत स्पष्ट रुपमा उल्लेख गर्नु पर्ने छ।

३. वन क्षेत्रको जग्गा, सार्वजनिक जग्गा, मठ मन्दिर, गुठीको जग्गा, चुरेक्षेत्रमा वा भौगलिक रुपमा जोखिमपूर्ण स्थानमा प्रशोधन उद्योग संचालनको अनुमति दिईने छैन।

**४. अनुमति पत्र प्रदान गर्ने :**

१. अनुमति पत्रका लागि कार्यालयमा पर्न आएको निवेदन उपर दफा नं. ३ को प्रक्रिया पुरा भए नभएको जाँचवुझ गरी प्रक्रिया पुरा भएको पाइएमा प्रमुख प्रशासकीय अधिकृतले कुनै अधिकृत कर्मचारीको नेतृत्वमा सम्बन्धित वडा सचिव र एक जना प्राविधिक सहितको टोली बनाई स्थलगत निरीक्षण समेत गर्न लगाई प्रतिवेदन प्राप्त गर्नु पर्ने छ। यसरी प्राप्त प्रतिवदेन अनुसार उक्त स्थानमा प्रशोधन उद्योग संचालनका लागि अनुमति दिन उपयुक्त देखिएमा निर्णयका लागि कार्यपालिका समक्ष पेश गर्नु पर्ने।

२. उपदफा १ बमोजिम पेश भएको अनुमति पत्रका सम्बन्धमा कार्यपालिकाले अनुमति पत्र दिन उचित देखेमा अनुमति पत्र दिने गरी निर्णय गर्नु पर्ने छ। तर कार्यपालिकालाई यस विषयमा थप अध्ययन एवं जाँचबुझ गर्नु पर्ने छ भन्ने लागेमा गाउँपालिका प्रमुख वा उप प्रमुखको संयोजकत्वमा ३ सदस्य टोली गठन गरी अध्ययन एवं जाँचबुझ गराउन सक्ने छ।

३. कार्यपालिकाबाट अनुमति दिने निर्णय भएमा तोकिएको दस्तुर लिई प्रमुख प्रशासकीय अधिकृतले अनुसूचि २ बमोजिमको अनुमति पत्र दिनु पर्ने छ।

**५. अनुमति पत्रको अवधि र नविकरण :-**

१. दफा (४) को उपदफा ३ बमोजिम जारी गरिएको अनुमति पत्र दफा १२ बमोजिम खारेज भएको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको अवस्थमा बाहेक चालु आर्थिक वर्षको आषाढ मसान्त सम्म मात्र मान्य रहने छ।

२. उपदफा (१) बमोजिम अनुमति पत्रको अवधि समाप्त भएको २ महिना भित्र (भदौ मसान्त भित्र) अनुमति पत्र नविकरणका लागि प्रचलित कानुन बमोजिमको कर चुक्ता गरेको प्रमाण सहित नविकरणका लागि अनुसुचि- ३ को फाराम भरी गाउँ कार्यपालिकामा पेश गुर्न पर्ने छ। कर चुक्ता गर्दा अन्य करका अतिरिक्त गाउँपालिकालाई बुझाउनु पर्ने कर तथा राजस्व पनि बुझाएको प्रमाण पेश गर्नुपर्नेछ। तोकिएको समयमा नविकरण गर्न नआएमा प्रति महिना थप २०००/- (दुई हजार) जरिवाना दस्तुर लाग्नेछ।

३. उपदफा २ बमोजिम नविकरणका लागि निवेदन पर्न आएमा दफा १४ बमोजिमको पालिकास्तरीय अनुगमन समितिले उद्योगको स्थलगत अनुगमन गरी नदिजन्य गिट्टी बालुवाको उपलब्धता, वातावरणीय प्रभाव जोखिमको अवस्था तथा प्रशोधन उद्योगले प्रचलित ऐन, कानुन पालना गरे नगरेको, स्वीकृत IEE ले तोकेको परिमाण भित्र रहि प्रशोधन गरे नगरेको तथा कर, राजस्व दाखिलाको स्थिति समेतको विश्लेषण गरी थप १ आर्थिक वर्षका लागि अनुमति पत्र नविकरण गर्न उपयुक्त भएमा कार्यपालिकाको निर्णय अनुसार प्रमुख प्रशासकीय अधिकृतले तोकिएको दस्तुर लिई अनुमति पत्र १ वर्षका लागि नविकरण गरि दिनु पर्ने छ।

४. यस दफा बमोजिम अनुमति पत्र नविकरण गर्दा वार्षिक रुपमा गर्नु पर्ने छ। तर हरेक ३/३ वर्षमा वातावरणीय प्रभाव मूल्यांकंन प्रतिवेदन र सामाजिक परीक्षण (Social Audit) प्रतिवेदन पेश गर्नु पर्ने छ।

**६. प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्यांकंन प्रतिवेदनको अनुसरण गर्नु पर्ने :-**

१. दफा ४ बमोजिम अनुमति पत्र प्रदान गर्दा गाउँपालिकाले गरेको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन वा वातावरणीय प्रभाव मूल्यांकंन प्रतिवेदनले नदिजन्य समाग्री (ढुङ्ग, गिट्टी, बालुवा) उत्खनन् तथा विक्रि वितरण गर्न निर्देष्ट गरेका क्षेत्र र परिमाण भित्र रहेर मात्र प्रदान गर्नु पर्ने छ। प्रारम्भिक वातावरणीय परीक्षण नगराई वा वातावरणीय प्रभाव मूल्यांकंन नगराई गाउँपालिकाले प्रशोधन उद्योग संचालन अनुमति दिने छैन।

२. उपदफा १ बमोजिम गाउँपालिकाले गरेको प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्यांकनको क्षेत्राधिकार र परिमाण भित्र रहि प्रशोधन उद्योगले पनि आफ्नो प्रशोधन उद्योगको क्षमता र कार्यक्षेत्र (Coverage) लाई समटने गरी छुट्टै प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गरी कार्यपालिकामा पेश गर्नु पर्ने छ।

३. वनक्षेत्रको जग्गामा रहेको नदिजन्य गिट्टी बालुवा उत्खनन प्रयोग गर्ने गरी वन क्षेत्र भन्दा बाहिर प्रशोधन उद्योग स्थापना गर्ने भए प्रारिम्भक वातावरणीय मूल्याङ्कन गर्नु पूर्व सम्बन्धित वन कार्यालयको सहमति पनि प्राप्त गर्नु पर्ने छ। साथै मठ, मन्दिर तथा गुठीको जग्गाको हकमा सम्बन्धित पक्षको स्वीकृती आवश्यक पर्नेछ।

४. नीजि जग्गाको हकमा नदिजन्य पदार्थको विक्रि वितरण गर्नु परेमा (२० रोपनी भन्दा कम क्षेत्रफल भित्र) सम्बन्धित जग्गाधनीले तोकिएको क्षेत्रको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन वा वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन तयार गरी स्वीकृतीका लागि गाउँपालिकामा पेश गर्नुपर्नेछ।

**७. नदिजन्य गिट्टी बालुवा उत्खनन् गरी प्रशोधन गर्न नपाईने अवस्था :**

१. यस कार्यविधि बमोजिम स्वीकृत नलिई कसैले पनि गिट्टी बालुवा उत्खनन गरी प्रशोधन गर्न पाइने छैन।

२. वार्षिक स्वीकृत परिमाण भन्दा वढी प्रशोधन गर्न पाइने छैन।

३. अनुमति प्राप्त क्षेत्र भन्दा वाहिर गई प्रशोधन गर्न पाइने छैन।

४. पानी वगिरहेको नदिको पिंधबाट उत्खनन गरी प्रशोधन गर्न पाईने छैन।

५. नदि किनार तथा सम्वेदनशिल क्षेत्र (जस्तैः- पुल, वस्ति वनक्षेत्र सडक, पुरातात्विक महत्वका सम्पदा र हाईटेन्सनको टावर) बाट छाडनु पर्ने दुरी नछाडी उत्खनन गरी प्रशोधन गर्न पाईदैन।

६. बालुवा उत्खननमा ठुला मेशिन प्रयोग गरी उत्खनन गरी प्रशोधन गर्न पाइने छैन।

७. नदिले बगाएर ल्याई थुपारेको अवस्थामा वाहेक राष्ट्रिय वन, सामुदायिक वन तथा चुरे क्षेत्र एवं अन्य संवेदनशिल क्षेत्रबाट, उत्खनन गरी प्रशोधन गर्न पाइने छैन।

८. वातावरणीय अध्ययन प्रतिवेदन र प्राविधिक प्रतिवेदनले उल्लेख गरे भन्दा वढि गहिराईमा उत्खनन गरी प्रशोधन गर्न पाइने छैन।

९. अन्य प्रचलित कानून एवं संघ प्रदेश र गाउँपालिकाले दिएको निर्देशनको वर्खिलाप हुने गरी उत्खनन गरी प्रशोधन गर्न पाईने छैन।

१०. स्थानीय रुपमा प्रदूषण फैलने गरी प्रशोधन गर्न पाईने छैन।

**८. क्रसर उद्योगका रुपमा संचालन गर्न नपाईने :**

यस कार्यविधि बमोजिम गिट्टी बालुवा प्रशोधन गर्न प्राप्त भएको अनुमतिका आधारमा क्रसर उद्योग संचालन गर्न पाइने छैन। यो अनुमति विशुद्ध गिट्टी बालुवा धुने र स-साना गिट्टिहरु छान्ने (नफुटाई कन) कार्यका लागि सम्म मात्र मान्य हुने छ। क्रसर संचालनका लागि प्रचलित कानून बमोजिम छुट्टै अनुमति लिनु पर्ने छ।

**९. नदिजन्य गिट्टी बालुवा प्रशोधन उद्योग संचालन गर्दा पालना गर्नु पर्ने शर्तहरु :**

क) नदिजन्य गिट्टी बालुवा प्रशोधन उद्योगका लागि चाहिने पानीको लागि छुट्टै पोखरी निर्माण गरी उक्त पोखरीमा नदि वा अन्य कुनै माध्यमबाट पानीको व्यवस्थापन गर्नु पर्ने छ। नदिमा सोझै मोटर राखि प्रशोधन उद्योगमा पानी प्रयोग गर्न पाईने छैन।

ख) गिट्टी बालुवा प्रशोधन पश्चात निक्लिएको हिलो/धमिलो पानीको लागि पुन अर्को पोखरीको व्यवस्था गरी हिलो/मैलो थिग्रीए पछि सफा पानी मात्र नदिमा पठाईने व्यवस्था मिलाउनु पर्ने छ। प्रशोधन पश्चातको पानी सोझै नदि खोलामा मिसाउन पाईने छैन।

ग) प्रशोधन पश्चात निक्लिएको गिट्टी बालुवा र फोहर सहितको ग्रेगर, ढुङ्गालाई अलग अलग व्यवस्थापन गरी राख्नु पर्ने छ।

घ) प्रशोधन गर्दा सूर्योदय देखि सुर्यास्त सम्मको समयमा मात्र प्रशोधन गर्ने व्यवस्था मिलाउनु पर्ने छ।

ङ) यस कार्यविधि बमोजिम अनुमति प्राप्त गरी संचालनमा रहेको प्रशोधन उद्योगले हरेक महिना प्रशोधनको विवरण अर्को महिनाको दश दिन भित्र गाउँपालिकामा बुझाउनु पर्ने छ। साथै हरेक वर्षको जेठ मसान्त सम्मको विवरण आषाढ मसान्त भित्र वार्षिक उत्पादनको परिमाण तथा मौज्दात रहेको परिमाणको विवरण गाउँपालिकामा पेश गर्नु पर्ने छ। सो अवधिमा विवरण पेश नगरेमा निश्चित अवधिका लागि प्रशोधन कार्य रोक्का राखिनेछ।

च) हाईटेन्सन लाइन, सडक किनारा वा पक्किपुल छेउमा प्रशोधन उद्योग सचालन गर्न वा त्यस्ता स्थानको गिट्टी बालुवा उत्खनन् गरी प्रयोग गर्न पाईने छैन।

छ) कार्यपालिकाबाट तोकिएको दुरी सम्बन्धि मापदण्ड वा अनुमति प्रदान गर्दाका बखतमा उल्लेख भएका शर्तहरुको अनिवार्य रुपमा पालना गर्नुपर्ने छ।

ज) अनुगमन समितिले दिएको निर्देशन अनिवार्य रुपामा पालना गर्नुपर्ने छ।

झ) प्रवेश वा निकासी नाकाको व्यवस्थापन, मर्मत सम्भार आफै गर्नुपर्ने छ।

ञ) प्रशोधन कार्य असार १ गते देखी भदौ मसान्त सम्म गर्न पाइने छैन।

**१०. बिना अनुमति उत्खनन गर्न नपाईने :-**

कसैले पनि माछापोखरी निर्माण, पेट्रोलपम्प निर्माण आवास क्षेत्र निर्माण लगायतको बाहानामा अनुमति विना गिट्टि, बालुवा उत्खनन गर्न र प्रशोधन गर्न पाउने छैन। निजी जग्गाबाट गिट्टी बालुवा उत्खनन् गरी प्रशोधन गर्नु पर्ने भएमा गाउँपालिकाले तोके बमोजिम कागजात सहित दस्तुर तिरी अनुमति लिएर मात्र प्रशोधन गर्नु पर्ने छ।

**११. दस्तुर सम्बन्धि व्यवस्था :**

१. यस कार्यविधि बमोजिम अनुमतिका लागि दस्तुर लिँदा तोकिए बमोजिमको दस्तुर लिनु पर्ने छ।

क) अनुमति पत्र प्रदान गर्नको लागि रु. ६०,०००/००

ख) अनुमतिपत्र नविकरणका लागि रु. ३०,०००/००

ग) ठाँउसारी गर्नका लागि रु. ४०,०००/ ००

(घ) निजी जग्गामा रहेको नदिजन्य पदार्थको विक्री वितरणको अनुमति प्रदान गर्नको लागि रु. ५,०००/००

२. गिट्टी बालुवा प्रशोधन उद्योगले प्रदेश आर्थिक ऐनमा तोकिएको दर बाहेक प्रशोधन गरेका गिट्टी बालुवा प्रति क्यूविक फिटको रु. ०.२५/- का दरले मासिक रुपमा गाउँपालिकालाई कर स्वरुप तिर्नु पर्ने छ। निजी जग्गामा रहेको नदिजन्य पदार्थको विक्री वितरणको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

**१२. अनुमति पत्रको खारेजी :**

१. देहायको अवस्थामा गाउँपालिकाले गिट्टी बालुवा प्रशोधनका लागि प्रदान गरेको अनुमति खारेज गर्न सक्ने छ।

क) झुट्टा विवरण पेश गरी अनुमति लिएको प्रमाणित भएमा,

ग) यस कार्यविधिमा उल्लेख भएको शर्तहरुको पालना नगरेमा,

घ) नियमानुसार तिर्नु बुझाउनु पर्ने कर, राजस्व नबुझाएमा,

ङ) दफा १४ बमोजिम अनुगमन समितिको प्रतिवेदनका आधारमा कार्यपालिकाबाट खारेज गर्ने निर्णय भएमा,

२. उपदफा (१) बमोजिम अनुमति पत्र को खारेजी गर्न अगाडि गाउँपालिकाले प्रशोधन उद्योगसँग स्पष्टिकरण माग गर्न उपयुक्त देखेमा समयतोकी स्पष्टिकरण सोध्न सक्ने छ। स्पष्टीकरण प्राप्त नभएमा वा चित्तबुझ्दो नभएमा गाउँपालिकाले अनुमति पत्र खारेज गर्न सक्ने छ।

३. यसरी प्रशोधन उद्योग अनुमति खारेज भएको जानकारी पत्रद्वारा वा स्थानीय पत्रपत्रिकामा सूचना प्रकाशित गरी गर्नु पर्ने छ।

**१३. प्रशोधन उद्योगको ठाँउसारी सम्बन्धमा :**

१. नदिखोलाको वहाव परिवर्तन भई वा अन्य कुनै कारणले भौगोलिक जोखिम उत्पन्न भई उद्योग संचालनमा  समस्या हुने देखि साविकको IEE भएको क्षेत्र भन्दा अन्यन्त्र उद्योगको ठाँउसारी गर्नु पर्ने भएमा पुनः IEE गरी सम्बन्धित वडा कार्यालयको सिफारिस सहित गाउँ कार्यपालिकामा अनुसूची ४ बमोजिम निवदेन पेश गर्नु पर्ने छ।

२. उपदफा १ बमोजिम ठाँउसारीका लागि निवदेन पर्न आएमा दफा १४ बमोजिमको पालिका स्तरीय अनुगमन समितिले स्थलगत निरीक्षण गरी यस कार्यविधिमा उल्लेखित शर्तहरु पुरा हुने अवस्था देखिएमा तोकिएको दस्तुर लिई  कार्यपालिकाको निर्णय अनुसार प्रमुख प्रशासकीय अधिकृतले अनुसूची ५ अनुसार ठाँउसारी अनुमति दिन सक्ने छ।

३. तर यसरी ठाँउसारीको स्वीकृत दिदा नयाँ प्रस्तावित क्षेत्रमा अर्को प्रशोधन उद्योग संचालनमा रहेको भए कम्तिमा १ किलो मिटर भन्दा टाढा र संचालित उद्योगको IEE क्षेत्रमा भन्दा बाहिर पर्ने गरी मात्र अर्को उद्योग संचालन गर्ने गरी अनुमति दिनु पर्ने छ।

**१४. अनुगमन समिति सम्बन्धि व्यवस्था :**

१. सघीय सरकार वा प्रदेश सरकारबाट भएको अनुगमन सम्बन्धि व्यवस्थाका अतिरिक्त गिट्टी बालुवा प्रशोधन उद्योगको बारेमा अनुगमन गर्न देहाय अनुसारको एक पालिका स्तरीय अनुगमन समिति रहने छ।

क) गाउँपालिका अध्यक्ष -सयोजक

ख) गाउँपालिका उपाध्यक्ष -सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

घ) सम्बन्धित वडाध्यक्ष वा निजले तोकेको वडा सदस्य -सदस्य

ङ) प्राविधिक शाखा प्रमुख -सदस्य

च) नापी अधिकृत / अमिन -सदस्य

छ) राजस्व शाखा प्रमुख -सदस्य सचिव

२. उपदफा १ बमोजिम गठित समितिले नियमित रुपमा वा आकस्मिक रुपमा अनुगमन, निरीक्षण गर्न सक्ने छ। अनुगमनका क्रममा प्रशोधन उद्योगको सुधार वा व्यवस्थापनका लागि निर्देशन दिन सक्नेछ।

३. अनुगमन समितिले दिएको निर्देशनको पालना गर्नु सम्बन्धित उद्योगको दायित्व हुनेछ।

४. अनुगमनका क्रममा यस कार्यविधि बमोजिमका शर्तहरु पुरा नगरेको वा उल्लघन गरेको पाइएमा अनुगमन समितिले तत्काल स्पष्टिकरण सोधन सक्ने छ। लगातार ३ पटक सम्म अनुगमन गर्दा पनि सुधार नभएको वा शर्तहरु पुरा नभएको वा उल्लघन भैरहेको पाइएमा उद्योगको अनुमति खारेज गर्न कार्यपालिका समक्ष पेश गर्न सक्ने छ। यसरी अनुमति खारेज गर्न कार्यपालिका समक्ष पेश गर्ने गरी पेश भएको अवस्थामा कार्यपालिकाबाट खारेज गर्ने गरी निर्णयार्थ भएमा प्रमुख प्रशासकीय अधिकृतले उक्त अनुमति पत्र रद्द गरी सम्बन्धित उद्योग बन्द गर्न लगाउनु पर्नेछ।

५. यस दफा बमोजिम अनुगमन गर्दा अनुगमनमा जाने पदाधिकारीहरुलाई खाजा, खाना खर्च वापत प्रति दिन प्रति व्यक्ति रु. १०००/- दरले खर्च रकम उपलब्ध गराइने छ। यसरी गरिएको अनुगमनको प्रतिवेदन वा सो सम्बन्धी बैठकको निर्णय अनिवार्य रुपमा समावेश गर्नु पर्ने छ।

१५. **संशोधन वा हेरफेरः** कार्यपालिकाले विद्यान समितिसँगको परामर्शमा यस कार्यविधिमा आश्यकता अनुसार संशोधन वा हेरफेर गर्न सक्नेछ।

१६. **बाधा अड्काउ फुकाऊ :** यस कार्यविधि कार्यन्वयनको क्रममा कुनै बाधा उत्पन्न भएमा कार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ।

## अनुसूचि - १

### (दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यु,

कैलाश गाउँपालिकाको कार्यालय,

कालिकाटार, मकवानपुर।

**बिषय : गिट्टी बालुवा प्रशोधन उद्योग संचालन अनुमति पाउँ।**

प्रस्तुत विषयमा म / हामी यस गाउँपालिका भित्र भई वग्ने नदिको वहाव क्षेत्रभित्र वडा नं ........ स्थित ............................................. ठाउँमा उक्त नदिबाट निस्कने गिट्टी बालुवा उत्खनन् गरी प्रशोधन गर्ने उद्योग (गिट्टी बालुवा धुने उद्योग ) स्थापना गर्न इच्छुक भएको हुँदा निम्नानुसारको विवरण भरी देहाय बमोजिमका कागजातहरु संलग्न राखी अनुमतिका लागि तहाँ गाउँपालिका समक्ष यो निवेदन पेश गरेको छु / छौं।

**१. उत्खनन एवं प्रशोधन गर्ने व्यक्ति / फर्म/ कम्पनीको :**

नाम :- ठेगाना :-

दस्तखत :- मिति :-

प्रोपाईटरको नाम ( फर्म/ कम्पनीको हकमा) :- प्यान/ भ्याट नं. :-

**२. उत्खनन् र प्रशोधन गर्ने स्थान :**

नदि/ खोलाको नाम :- वडा नं. :-

स्थान :-

उत्खनन / प्रशोधनको क्षेत्र (चार किल्ला) IEE मा स्वीकृत भए अनुसार :

पूर्वः पश्चिम :

उत्तर : दक्षिण :

**संलग्न कागजात हरु :**

क) स्वीकृत IEE प्रतिवेदन

ख) परियोजनाको विवरण

ग) फर्म / कम्पनी भए दर्ता प्रमाण-पत्र (उद्योग / घरेलु, कम्पनि रजिस्टार,प्यान, भ्याट)

घ) नेपाली नागरिकताको प्रतिलिपि (फर्म वा कम्पनिको हकमा प्रोपाईटरको)

ङ) उद्योग रहने स्थानको नक्साङ्कन सहितको विवरण

च) प्रतिनिधी नियुक्ती गरेको भए अख्तियारी पत्र र अख्तियारीवालाको परिचय खुल्ने कागजात

छ) साझेदारीमा उद्योग स्थापना गर्न चाहेको भए साझेदारी बीच भएको सम्झौता पत्र

ज) उद्योग स्थापना गर्ने क्षेत्रको वडाको सिफारिस

झ) निवेदक कम्पनी भएमा

१. कम्पनी दर्ता प्रमाण पत्र

२. स्वीकृत प्रबन्धपत्र तथा नियमावालीको प्रतिलिपि

३. संचालक समितिको निर्णय

४. अद्यावधिक शेयर लागत

५. अघिल्लो आ.व. को लेखापरीक्षण प्रतिवेदन र करचुक्ता प्रमाणपत्र

ञ) उद्योग रहने स्थानको जग्गाधनी प्रमाण पुर्जा/ लिजमा लिएको भए सम्झौताको प्रति

ट) प्राइभेट/साझेदारी फर्म भएमा अद्यावधिक नविकरण भएको उद्योग दर्ता प्रमाण पत्र

३. IEE अनुसार वार्षिक रुपमा उत्खनन् / प्रशोधन गर्न सकिने परिमाणः

४. प्रवेश / निकासी गर्ने नाका वा स्थानको नामः

५. उत्खनन / प्रशोधनमा प्रयोग हुने मेशिन तथा सवारी साधनको विवरणः

६. उत्खनन् / प्रशोधनमा पश्चात विक्रि वितरण गर्ने स्थान :

७. विक्रि वितरणका लागि कुनै आयोजना / ठेकेदारसंग सम्झौता भएको भए सो को विवरणः

**अनुसूचि - २**

**दफा ४ को उपदफा (३) संग सबन्धित)**

**स्थानीय सरकार**

**कैलाश गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय,**

**कालिकाटार, मकवानपुर।**

**नदि/ खोलाजन्य गिट्टी बालुवा, उत्खनन् / प्रशोधन इजाजत - प्रमाण पत्र**

ईजाजत नं. :- मितिः-

**१. उत्खनन / प्रशोधन गर्न अनुमति प्राप्त व्यक्ति/ फर्म/ कम्पनीको**

नाम : ठेगाना :

प्यान/ भ्याट नं. :

प्रोपाईटरको नाम :-

**२. उत्खनन् / प्रशोधन गर्ने स्थान**

ठेगाना :-

नदि/ खोलाको नाम :-

उद्योग रहने स्थान :-

**३. प्रशोधनका लागि गिट्टी बालुवा प्रयोग गर्ने / उत्खनन गर्ने स्थानको चारकिल्ला**

पूर्व : पश्चिमः

उत्तर : दक्षिण :

लम्बाई : चौड़ाई :

स्थान : अक्षाँश : देशान्तरः

समुन्द्र सतहबाटको उचाईः

**४. IEE अनुसार उत्खनन् / प्रशोधन गर्न सकिने परिमाण :**

**५. उत्खनन / प्रशोधन को अनुमति परिमाण (घनमिटर) :**

**६. प्रवेश वा निकासी गर्ने नाका / स्थानको नाम :**

**७. उत्खनन्/ प्रशोधनमा प्रयोग हुने मेशिन तथा सवारी साधनको विवरण :**

**८. प्रशोधित गिट्टि बालुवाको घाटगद्धि गर्ने स्थानको :**

ठेगाना : वडा नं. :

गाँउ :

अनुमति दिने पदाधिकारी :
नाम, थर :
पद :
हस्ताक्षार :
मिति :
कार्यायको छाप :

## अनुसूचि - ३

### (दफा ५ को उप्रदफा (२) सँग सम्बन्धित )

श्री कैलाश गाउँपालिका,

गाउँकार्यपालिकाको कार्यालय

कालिकाटार, मकवानपुर।

**बिषय : अनुमति - पत्र नविकरण सम्बन्धमा।**

प्रस्तुत विषयमा म / हामी यस गाउँपालिका भित्र भई वग्ने ... ................नदिको वहाव क्षेत्रभित्र वडा नं ........ स्थित ..... ठाउँमा उक्त नदिबाट निस्कने गिट्टी बालुवा उत्खनन् गरी प्रशोधन गर्ने उद्योग (गिट्टी बालुवा धुने उद्योग) संचालन भईरहेको हुँदा निम्न अनुसारको विवरण भरी देहाय बमोजिमका कागजातहरु संलग्न राखि अनुमति-पत्र नविकरणका लागि तहाँ गाउँपालिका समक्ष यो निवेदन पेश गरेको छु/छौ।

**१ उत्खनन एवं प्रशोधन गर्ने व्यक्ति / फर्म/ कम्पनीको :**

नाम :- ठेगाना :-

दस्तखत :- मिति :-

प्रोपाईटरको नाम ( फर्म/ कम्पनीको हकमा) :- प्यानं/ भ्याट नं. :-

**२. उद्योग संचालन भएको स्थान :**

नदि/ खोलाको नाम :- वडा नं. :-

स्थान :-

उत्खनन् / प्रशोधन को क्षेत्र (चार किल्ला) IEE मा स्वीकृत भए अनुसार :

पूर्वः पश्चिम :

उत्तर : दक्षिण :

३) नविकरणका लागि संलग्न कागजात हरु :

क) फर्म / कम्पनी भए दर्ता प्रमाण पत्र (उद्योग / घरेलु, कम्पनी रजिष्टार, प्यान, भ्याट)

ख) सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर चुक्ता गरेको पत्र।

ग) गाउँकार्यपालिकामा व्यावसाय कर बुझाएको प्रमाण।

घ) हरेक २/२ वर्षमा वातावरणीय प्रभाव मूल्यांकन र सामाजिक परीक्षण प्रतिवेदन।

**४. नविकरण अवधि :**

१. नविकरणको अवधि एक वर्षको हुने छ।

२. अनुमति पत्रको अवधि समाप्त भएको २ महिना भित्र उल्लेखित अनुसार निवेदन दिनु पर्ने।

३. तोकिएको समय भित्र निवेदन पेश नभएमा नियमानुसार दोब्बर दस्तुर लाग्ने।

## अनुसूचि - ४

## (दफा १३ को उपदफा (१) सँग सम्बन्धित)

श्री कैलाश गाउँपालिका,

कैलाश गाउँकार्यपालिकाको कार्यालय,

कालिकाटार, मकवानपुर।

**बिषय : गिट्टी बालुवा प्रशोधन उद्योग ठाँउसारी गरी पाउँ।**

प्रस्तुत विषयमा म / हामी यस गाउँपालिका भित्र भई वग्ने नदिको वहाव क्षेत्रभित्र वडा नं ........ स्थित ............................................ ठाउँमा उक्त नदिबाट निस्कने गिट्टी बालुवा उत्खनन् गरी प्रशोधन गर्ने उद्योग (गिट्टी बालुवा धुने उद्योग ) स्थापना गरी संचालन गरिरहेकोमा उक्त स्थानबाट यसै गाउँपालिकाको वडा नं .......... स्थित ........................ ठाँउमा सारी संचालन गर्न परेको हुँदा निम्न अनुसारको विवरण भरी देहाय बमोजिमका कागजातहरु संलग्न राखी ठाँउसारीका लागि तहाँ गाउँपालिका समक्ष यो निवेदन पेश गरेको छु / छौं।

**१. उत्खनन एवं प्रशोधन गर्ने व्यक्ति / फर्म/ कम्पनीको :**

नाम :- ठेगाना :-

दस्तखत :- मिति :-

प्रोपाईटरको नाम ( फर्म/ कम्पनीको हकमा) :-

प्यान/ भ्याट नं. :-

**२. उत्खनन् र प्रशोधन गर्ने हालको स्थान :**

नदि/ खोलाको नाम :- वडा नं. :-

स्थान :-

उत्खनन / प्रशोधनको क्षेत्र (चार किल्ला) IEE मा स्वीकृत भए अनुसार :

पूर्वः पश्चिम :

उत्तर : दक्षिण :

**३. उत्खनन् र प्रशोधन ठाउँसारी गर्न चाहेको स्थान :**

नदि/ खोलाको नाम :- वडा नं. :-

स्थान :-

उत्खनन / प्रशोधनको क्षेत्र (चार किल्ला) IEE मा स्वीकृत भए अनुसार :

पूर्वः पश्चिम :

उत्तर : दक्षिण :

**संलग्न कागजात हरु :**

(क) स्वीकृत IEE प्रतिवेदन

(ख) परियोजनाको विवरण

(ग) फर्म / कम्पनी दर्ता प्रमाण-पत्र (उद्योग / घरेलु, कम्पनि रजिस्टार,प्यान, भ्याट)

(घ)नेपाली नागरिकताको प्रतिलिपि (फर्म वा कम्पनिको हकमा प्रोपाईटरको)

(ङ)उद्योग रहने स्थानको नक्साङ्कन सहितको विवरण

(च)प्रतिनिधी नियुक्ती गरेको भए अख्तियारी पत्र र अख्तियारीवालाको परिचय खुल्ने कागजात

(छ) उद्योग ठाँउसारी गर्ने क्षेत्रको वडाको सिफारिस

(ज)निवेदक कम्पनी भएमा

१. कम्पनी दर्ता प्रमाण पत्र

२. स्वीकृत प्रबन्धपत्र तथा नियमावालीको प्रतिलिपि

३. संचालक समितिको निर्णय

४. अद्यावधिक शेयर लागत

५. अघिल्लो आ.व. को लेखापरीक्षण प्रतिवेदन र करचुक्ता प्रमाणपत्र

ठ) सम्बन्धित निकायबाट उद्योग दर्ता सम्बन्धी सम्बन्धमा प्रचलित कानून बमोजिम दुरी खुल्ने प्रमाणित कागजात

ड) उद्योग रहने स्थानको जग्गाधनी प्रमाण पुर्जा/ लिजमा लिएको भए सम्झौताको प्रति

ढ) उद्योग संचालनबाट हुने विपद् जोखिम न्यूनिकरण सम्बन्धमा स्थानीय विपद व्यवस्थापन समितिको सिफारिस

**३. IEE अनुसार वार्षिक रुपमा उत्खनन् / प्रशोधन गर्न सकिने परिमाणः**

४. प्रवेश / निकासी गर्ने नाका वा स्थानको नामः

५. उत्खनन / प्रशोधनमा प्रयोग हुने मेशिन तथा सवारी साधनको विवरणः

६. उत्खनन् / प्रशोधनमा पश्चात विक्रि वितरण गर्ने स्थान :

७. विक्रि वितरणका लागि कुनै आयोजना / ठेकेदारसंग सम्भौता भएको भए सो को विवरणः

**अनुसूचि - ५**

**दफा १३ को उपदफा (२) संग सबन्धित)**

**कैलाश गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय,**

**कालिकाटार, मकवानपुर।**

**नदि/ खोलाजन्य गिट्टी बालुवा, उत्खनन् / प्रशोधन ठाँउसारी इजाजत - प्रमाण पत्र**

ईजाजत नं. :- मितिः-

**१. उत्खनन / प्रशोधन गर्न अनुमति प्राप्त व्यक्ति/ फर्म/ कम्पनीको**

नाम : ठेगाना :

प्यान/ भ्याट नं. :

प्रोपाईटरको नाम :-

**२. उत्खनन् / प्रशोधन गर्ने स्थान**

ठेगाना :- नदि/ खोलाको नाम :-

उद्योग रहने स्थान :-

**३. प्रशोधनका लागि गिट्टी बालुवा प्रयोग गर्ने / उत्खनन गर्ने स्थानको चारकिल्ला :**

पूर्व : पश्चिमः

उत्तर : दक्षिण :

लम्बाई : चौड़ाई :

Location : G.P.S :

**४. IEE अनुसार उत्खनन् / प्रशोधन गर्न सकिने परिमाण :**

**५. उत्खनन / प्रशोधन को अनुमति परिमाण (घनमिटर) :**

**६. प्रवेश वा निकासी गर्ने नाका / स्थानको नाम :**

**७. उत्खनन्/ प्रशोधनमा प्रयोग हुने मेशिन तथा सवारी साधनको विवरण :**

**८. प्रशोधित गिट्टि बालुवाको घाटगद्धि गर्ने स्थानको :**

ठेगाना : वडा नं. :

गाँउ :

अनुमति दिने पदाधिकारी :
नाम, थर :
पद :
हस्ताक्षार :
मिति :
कार्यायको छाप :

प्रमाणिकरण मितिः २०८२ बैशाख ०४

आज्ञाले
अमुल श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत